# जिल्ला समन्वय समितिको कार्यालय, ललितपुर

## आ.व. ०७४/७५ मा हुने खरिद कार्यमा सहभागी हुन सूचीकृत हुने सम्बन्धी सूचना

यस कार्यालयको लागि आ.व.२०७४।७५ मा आवश्यक पर्ने वस्तु तथा सेवा उपलब्ध गराउन सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ बमोजिम मौजुदा सूचीमा समावेश हुन वा अद्यावधिक गर्न उक्त नियमावलीको अनुसूची २ (क) को ढाँचामा निम्न बमोजिमका कागजातहरु सहित निवेदन पेश गर्नु हुन इच्छुक योग्य फर्म, संघ/संस्था वा व्यक्तिहरूलाई सूचित गरिएको छ।

१. आवेदनसाथ निम्नानुसारका कागजातका प्रतिलिपिहरू एक एक प्रति संलग्न गरेको हुनुपर्नेछ।
   - क. आफ्नो फर्म दर्ता वा सम्बन्धित व्यवसाय वा सेवा प्राप्त गर्न प्राप्त नविकरण भएको इजाजत पत्र,
   - ख. मूल्य अभिवृद्धी करमा दर्ता भएको प्रमाणपत्र वा स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र,
   - ग. आर्थिक वर्ष (आ.व. ७२/७३) सम्मको कर चुक्ता गरेको प्रमाण (कर विवरण बुझाई चुक्ता प्रमाणपत्र लिन बाँकी भए सम्बन्धित कर कार्यालयमा कर विवरण पेस भएको प्रमाण),
   - घ. व्यक्तिको हकमा नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
   - ङ. नेपाल बाहिर दर्ता भएको संघसंस्था वा विदेशी नागरिकको हकमा नेपालभित्र कारोबार गर्न पाएको स्वीकृति वा इजाजत पत्र।
   - च. सूचीकृत हुन चाहेको समूहको कार्यसम्पादन गर्न योग्य र सक्षम रहेको व्यहोरा खुल्ने कागजात वा प्रमाण।

२. आवेदनमा कुनै सार्वजनिक निकायसँग सम्झौता भएबमोजिम सम्पादन गर्न जिम्मा लिएको काम अधुरो छोडी वा कुनै सार्वजनिक निकायमा तिर्न बुझाउन बाँकी कर, दस्तुर तथा दायित्व बाँकी नभएको एवं प्रचलित कानून बमोजिम त्यस्तो काम गर्न प्रतिबन्ध नलागेको वा कालो सूचीमा नपरेको भनी घोषणा आवेदकले गरेको हुनुपर्नेछ।

३. यस सूचनामा नपरेका अन्य कुराहरूका हकमा सार्वजनिक खरिद ऐन तथा नियमावली र प्रचलित आर्थिक प्रशासन सम्बन्धी कानून बमोजिम हुनेछ।